# वालिङ नगरपालिका कार्यालय
## वालिङ, स्याङजा ।

### सवारी साधन जिप गाडी खरिद कार्यको लागि शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७१।५।१० गते**

यस कार्यालयको दैनिक कार्य संचालनको लागि एक सवारी साधन जिप गाडी आवश्यक भएकोले सोको खरिद कार्य सिलबन्दी बोलपत्रद्धारा गर्नु पर्ने भएको हुंदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक /कम्पनी/ अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनीक सूचना प्रकाशित गरिएको छ ।

***तपसिल***

१) बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०६९/०७० सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) खरिद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेभित्र शिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० वजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन् ।

३) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।

४) बोलपत्रसाथ जमानत वापतको बोल कबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम नेपाल बैक लि. स्याङजा स्थित धरौटी खाता नं. ७२–५१–३९९३ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम वरावरको यस कार्यालयको नाउमा जारी गरीएको विडवण्ड (Bid Bond) (बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नु पर्नेछ ।

५) म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्रउपर कुनै कारवाही हुने छैन् ।

६) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर बाहेक रकम उल्लेख गर्नु पर्नेछ । सो दर रेटमा अंक र अंक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनु पर्नेछ ।

७) यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

८) बोलपत्र स्वीकृत भएपछि कबुल ठेक्का अकंको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैक भौचर वा कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको नाउमा जारी गरिएको कार्य जमानतपत्र (परफरमेन्स बण्ड) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

१०) बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११) यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा स्थानीय स्वायत्त शासन ऐन /नियम सार्वजनीक खरिद ऐन २०६३, सार्वजनी खरिद नियमावली २०६४, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१२)	बोलपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सुचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम नागरीक समाज तथा संचार कर्मी समेतको उपस्थितिको लागि अनुरोध गरिएको छ ।

१३)	शिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसारको हुनु पर्नेछ ।

| ठेक्का नं. | कामको विवरण | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|
| १/२०७१/२०७२ | **सवारीसाधन गाडी सख्यां: १ (एक) जिप**<br>• ईन्जिन क्षमता २५०० (CC) सि.सि. – २६०० सि.सि. CCसम्मको<br>• ४*४ लिभर ह्याण्डगियर<br>• टायर 185/85 R16 For Plus टयूवलेस<br>• डिजल ईन्जीन<br>• कम्तिमा ७ (सात) सिट भएको | बोलकबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम | १०००।० |

०७१/२/१०

कार्यकारी अधिकृत